कमलामाईनगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

प.सं. २०७८/०७९( शिक्षा)
च.नं. १०५

मितिः २०७८।०८।१४

**विषयः प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना !!**

श्री सबै सामुदायिक विद्यालयहरु
कमलामाई नगरपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा यस कमलामाई नगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत संघीय ससर्त अनुदान कार्यक्रम बमोजिम सामुदायिक विद्यालयहरुमा सञ्चालन गर्नुपर्ने तपसिल बमोजिमका कार्यक्रमहरु रहेकाले उल्लिखित कार्यक्रमहरु यस अघि तत्कालीन जिल्ला शिक्षा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, सिन्धुली तथा कमलामाई नगरपालिकाबाट अनुदान रु. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार) प्राप्त गरेका बाहेकका सामुदायिक माध्यमिक विद्यालयहरुले तपसिलका कार्यक्रमहरुका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले प्राप्त गर्न चाहेको कार्यक्रमको विवरण सहित कमलामाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन सूचित गरिन्छ ।

कार्यक्रमहरु

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यबस्थापन (फर्निसिङ किताव खरीद तथा ई-पुस्तकालय समेत), प्रति इकाई लागत रू. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार)
२. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग कम्प्युटर इन्टरनेट सामग्री खरीद अनुदान, प्रति इकाई लागत रू.६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार)
३. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण, प्रति इकाई लागत रू.६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार)
४. उत्कृष्ट सिकाइ उपलब्धि भएको विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान, प्रति इकाइ लागत रू. २०००००/-(अक्षरेपी दुई लाख)
५. तोकिएको सूचकांकको आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारीत अनुदान, प्रति इकाई लागत रु. ५०,०००/- (अक्षरेपी पचास हजार)
६. गणित विज्ञान अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारीत सामग्री kits अनुदान, (नि.मा.वि. तहका लागि) प्रति इकाई लागत रु. ५०००००/- (अक्षरेपी पचास हजार)

प्रमुख प्रशासकीय अधिकृत



फोन नं : ९७७-४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८ E-mail: kamalamaimun.sindhuli@gmail.com
Phone No. : 977-47-520596, 520512, 520240, 520251, 520245, 520608 Web Site : kamalamaimun.gov.np

७. प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु

- विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपी,
- विद्यालय सुधार योजना अध्यावधिक गरेको प्रमाणित प्रतिलिपी,
- गत आ. व. (श्रावण मसान्तसम्म) को लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रमाणित प्रतिलिपी,
- विद्यालय तथ्याङ्क IEMIS अनुसार बुझाएको विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक सत्र २०७८ को विद्यार्थी सङ्ख्या, आदि आवश्यक विवरण सहितको प्रमाणित प्रतिलिपी,
- बुँदा नं. ५ को कार्यक्रम सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशित गरेको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची (घ) बमोजिम कार्यसम्पादन मूल्याङ्कन फाराम भरि समावेश गर्नुपर्ने छ ।
- उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान कार्यक्रम सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित विद्यालय छनौटका आधार अनुसार कार्यसम्पादन मूल्याङ्कन फाराम भरि समावेश गर्नुपर्ने छ ।

उत्कृष्ट विद्यालय छनौटका आधारहरु-

अ) एस.इ.ई. परीक्षाफलमा आधारित अङ्क ६०-(एस.इ.ई. को परीक्षा २०७७ को नतिजा अक्षराङ्कन पद्धतिमा प्रकाशन भएको र प्रत्येक विद्यार्थीले प्राप्त गरेको GPA अङ्क)

आ) कक्षा ९ को विद्यार्थी भर्नामा आधारित अङ्क-१०

इ) विद्यालयको औसत सिकाइ उपलब्धिमा आधारित अङ्क-१०

ई) एस.इ.ई. परीक्षाको उत्तीर्णाङ्क प्रतिशतमा आधारित अङ्क-१० (पछिल्लो ३ वर्षको उत्तीर्ण प्रतिशतको औसत )

उ) एस.इ.ई. परीक्षामा समावेश गराईएको विद्यार्थी सङ्ख्यामा आधारित अङ्क-१०

- ✓ एस.इ.ई. परीक्षामा समावेश गराईएका कुल विद्यार्थी सङ्ख्या
- ✓ एस.इ.ई. परीक्षाका सबै विषयमा सहभागि भएको कुल विद्यार्थी सङ्ख्या
- ✓ कक्षा ९ को विद्यार्थी भर्ना सङ्ख्या (रजिष्ट्रेशनको आधारमा)

.........................

हितकुमारी पौडेल
शाखा अधिकृत (सातौं तह)
कमलामाई नगरपालिका, सिन्धुली